आर्थिक बर्ष २०८३।०८४

बैठक संख्याः ३

आज मिति २०८३ असोज ९ गते शुक्रबारका दिन आलिताल गाउँपालिका अध्यक्ष श्री शेर सिंह पार्की ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा आलिताल गाउँपालिका सभाहलमा गाउँ कार्यपालिकाको बैठक बसी छलफल भइ देहायका निर्णयहरू गरियो।

उपस्थितिः

१. गाउँपालिका अध्यक्ष, श्री शेर सिंह पार्की

२. गाउँपालिका उपाध्यक्ष, श्री मैना कुमारी रावल बोहरा

३. वडा अध्यक्ष, वडा नं.१. श्री यज्ञ बहादुर देउवा

४. वडा अध्यक्ष, वडा नं. २. श्री श्री प्रमोद बहादुर मल्ल

५. वडा अध्यक्ष वडा नं. ३ श्री बल बहादुर बुढामगर

६. वडा अध्यक्ष, वडा नं. ४. श्री कमल सिंह बोहरा

७. वडा अध्यक्ष, वडा नं. ५. श्री डम्बर बहादुर ढाट

८. वडा अध्यक्ष, वडा नं. ६, श्री कुम्भर बुढा

९. वडा अध्यक्ष, वडा नं. ७. श्री विर बहादुर बोहरा

१०. वडा अध्यक्ष, वडा नं ८. श्री धन बहादुर देउवा

११. कार्यपालिका सदस्य, श्री भिमा देबी ओली

१२. कार्यपालिका सदस्य, श्री खिमा देवी गिरी

१३. कार्यपालिका सदस्य, श्री कलावती देवी नाथ

१४. कार्यापालिका सदस्य, श्री गोमती देवी पार्की

१५. कार्यपालिका सदस्य, श्री कर्ण बहादुर दमाई

१६. कार्यपालिका सदस्य, श्री रमेश बहादुर कामी

१७. सचिव, प्र.प्र.अ.श्री कृष्णानन्द जोशी

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिमदत्तपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

प्रस्तावहरुः-

१. पूर्व बैठकका निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
२. सडक सफाई सम्बन्धमा।
३. विपद पिडितलाई त्रिपाल बितरण सम्बन्धमा।
४. बाढी पिडितलाई आर्थिक सहयोग सम्बन्धमा।
५. प्रहरीचौकीलाई मोटरसाईकलको ब्यबस्था सम्बन्धमा।
६. उपभोक्ता समिति गठन तथा सम्झौता प्रकृया अघि बढाउने सम्बन्धमा।
७. टेण्डर खोल्ने सम्बन्धमा।
८. नदिजन्य पदार्थको टेण्डर प्रक्रिया अघि बढाउने सम्बन्धमा।
९. राज्य सुबिधा परिचयपत्र बितरण सम्बन्धमा।
१०. बहुक्षेत्रीय विकास समन्वय समिति गठन तथा सञ्चालन कार्यविधि, २०८३
११. बिद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यदलको म्याद थप सम्बन्धमा।
१२. कित्ताकाट सहितको भु-बर्गीकरण योजना निर्माण सम्बन्धमा।
१३. सवारी साधन सुबिधा प्रयोग गर्ने कर्मचारीलाई ईन्धन, सवारी साधन मर्मत र संचार खर्च बाफत नगद प्रदान गर्ने मापदण्ड, २०८३ सम्बन्धमा।

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

CamScanner

निर्णयहरुः-

निर्णय नं १- प्रस्ताव नं १ माथि छलफल गर्दा बिगतको कार्यपालिका बैठक बाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा छलफल गरीयो। साथै पालिकाबाट संचालन गरिने योजना तथा कार्यक्रमहरुलाई अझ बढी व्यवस्थित र प्रभाकारी बनाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं २:- प्रस्ताव नं २ माथि छलफल गर्दा आलिताल गाउँपालिकामा रहेका सम्पुर्ण सडकहरु बर्षातको कारणले बिग्रेको, भत्केको र धेरै सडकहरु अबरुद्ध समेत भई जनजिवन कष्टकर भएकोले नजिकिदै गरेको महान चाडपर्व दशै तिहार लाई मध्यनजर गर्दै छोटो समयमा सफाई गर्नुपर्ने भएकोले सडक सफाईका लागि तपसिलका ४ वटा प्याकेजमा बिभाजन गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो।

तपसिल-

| सि.न. | नाम | कैफियत |
|---|---|---|
| १ | वडा नं १ र २ का सडकहरु | |
| २ | वडा नं ६ र ७ का सडकहरु | |
| ३ | वडा नं ४ र ५ का सडकहरु | |
| ४ | वडा नं ३ र ८ का सडकहरु | |

निर्णय नं ३:- प्रस्ताव नं ३ माथि छलफल गर्दा आलिताल गाउँपालिका अन्तरगत वडा नं ७ मा पहिरो बाट पिडित परिवारहरूको जीवनयापनलाई सहज बनाउन तात्काल राहत स्वरूप त्रिपाल आवश्यक पर्ने देखिएकाले, तत्काल त्रिपाल खरिद गरी पीडित परिवारहरूलाई वितरण गर्ने र सोको भुक्तानि विपद् व्यवस्थापन कोषबाट रु १ लाख भन्दा नबढ्ने गरी गर्ने निर्णय गरियो।

निर्णय नं ४:- प्रस्ताव नं ४ माथि छलफल गर्दा रसुवा जिल्लामा गएको विनाशकारी भोटेकोशी बाढीबाट प्रभावित भई बिचल्लीमा परेका पीडित परिवारहरूको उद्धार, राहत तथा पुनस्थापनामा सहयोग पुर्‍याउने उद्देश्यले आलिताल गाउपालिकाको कार्यालय र मातहतका कार्यालयमा कार्यरत शिक्षक र कर्मचारीहरूको एक महिनाको पारिश्रमिकबाट संघको मापदण्ड अनुसार (श्रेणि बिहिनको २ दिन, सहायक स्तरको हकमा ५ दिन र अधिकृत स्तरको हकमा ७ दिन) प्रधानमन्त्री दैबि प्रकोप उद्धार कोष र जनप्रतिनिधिहरुको हकमा गाउपालिका अध्यक्ष र उपाध्यक्ष ज्यूको एक महिनाको पदाधिकारी सेवा सुविधाबाट १५ दिनको सुविधा र अन्य जनप्रतिनिधिको हकमा १० दिनको सुविधा आलिताल गाउपालिकाको विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरियो।

निर्णय नं ५:- प्रस्ताव नं ५ माथि छलफल गर्दा आलिताल गाउँपालिका अन्तरगत वडा नं २ उणिकोट मा रहेको अस्थायी प्रहरि चौकीलाई शान्ति सुव्यवस्था कायम राख्नको लागी मोटर साईकल आवस्यक रहेकोले उपलब्ध गराईदिन अनुरोध भएकोमा आलिताल गाउपालिकाको कार्यालय तथा अन्तरगतका कार्यालयमा रहेका मौज्दात सवारी साधनबाट सम्भव भएसम्म उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं ६:- प्रस्ताव नं ६ माथि छलफल गर्दा आलिताल गाउँपालिकाको चालु आर्थिक वर्षका स्वीकृत योजना तथा कार्यक्रमहरू कार्यान्वयनका लागि सार्वजनिक खरिद ऐन बमोजिम उपभोक्ता समितिबाट कार्यान्वयन गर्न सकिने योजना

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

CamScanner

कार्यक्रमको लागि नियमानुसार उपभोक्ता समिति गठन गर्ने प्रक्रिया तत्काल अघि बढाउने निर्णय गरियो। समिति गठन पश्चात प्राविधिक मूल्याङ्कन गराई तोकिएको समयसीमा भित्रै योजना सम्झौता सम्पन्न गरी निर्माण कार्य अघि बढाउने निर्णय गरियो।

निर्णय नं ७:- प्रस्ताव नं ७ माथि छलफल गर्दा आलिताल गाउँपालिकामा चालु आर्थिक वर्षका स्वीकृत कार्यक्रम तथा योजनाहरू कार्यान्वयनका लागि तपसिलका योजनाहरू र औषधी सामाग्रीहरु खरिद गर्न प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम बोलपत्र (टेण्डर) आह्वान गर्ने निर्णय गरियो। यस सम्बन्धी सूचना प्रकाशन गर्ने लगायतका आवश्यक प्राविधिक तथा प्रशासनिक प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

तपसिल-

| सि.न | योजना कार्यक्रमको बिवरण | रकम रू | जिम्मेवार शाखा | कैफियत |
|---|---|---|---|---|
| १ | घट्टीगाड, भौना खानेपानी योजना वडा नं ६ | २५.५० लाख | पूर्वाधार शाखा | |
| २ | डोला रिडरोड कालोपत्रे र जालटुडा ग्वान्नी सुकुमुल्ले सडक | ६.९२ करोड | पूर्वाधार शाखा | |
| ३ | धुलिखेत सिचाई वडा नं ३ | २०.५० लाख | पूर्वाधार शाखा | |
| ४ | गौरीशंकर मा बि भोटेचौपाता आलिताल ७ | ८०.३१ लाख | पूर्वाधार शाखा | |
| ५ | वडा नं २ र ६ को वडा कार्यालय भवन निर्माण | ९७.५१ लाख | पूर्वाधार शाखा | |
| ६ | औषधी खरिद | १६.८७ लाख | स्वास्थ्य शाखा | |

निर्णय नं ८:- प्रस्ताव नं ८ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को उपदफा (२) को खण्ड घ को उपखण्ड (६) मा भएको व्यवस्था ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन मापदण्ड २०७९), स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE), स्वी पातावरणीय प्रभाव मूल्यांकन (EIA), सुदूरपश्चिम प्रदेशको आर्थिक ऐन २०८३, सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधिमा भएको व्यवस्था अनुसार आन्तरिक कर संकलनका लागि देहाय बमोजिम तोकिएको स्थानबाट नदीजन्य पदार्थ (ढुदङ्गा, गिट्टी, बालुवा, आदी। उत्खनन, संकलन, निकासा गर्नका लागि बोलपत्र (टेण्डर) आह्वानसम्बन्धी प्रक्रिया तत्काल अघि बढाउने निर्णय गरियो।

| सि.नं | खोलाको नाम | परिमाण | दर रेट | कैफियत |
|---|---|---|---|---|
| १ | आलिताल गाउपालिका भएर बग्ने सुनखोला | ४७४४६घन मिटर | सुदुरपश्चिम प्रदेशको आर्थिक ऐन बमोजिम | |
| २ | आलिताल गाउपालिका भएर बग्ने रंगुन खोला | २८३४६.२४घन मिटर | | |

निर्णय नं ९:- प्रस्ताव नं ९ माथि छलफल गर्दा नेपाल सरकारको नीति बमोजिम लक्षित वर्गलाई प्रदान गरिने राज्य सुविधा परिचयपत्र वितरण कार्यलाई छिटो, छरितो र पारदर्शी बनाउने निर्णय गरियो। मन्त्रालयबाट यस पालिकामा प्राप्त भएका राज्य सुविधा परिचयपत्र सम्बन्धित वडा कार्यालयहरूमार्फत वितरण कार्य सम्पन्न गर्ने र सोको जिम्मेवारी कृषि बिकास शाखालाई तोकि आवस्यक प्रवन्ध गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं १०:- प्रस्ताव नं १० माथि छलफल गर्दा आलिताल गाउँपालिकाको समग्र विकासमा विभिन्न क्षेत्रबीच समन्वय र सहकार्यलाई मजबुत बनाउन प्रस्तुत "बहुक्षेत्रीय विकास समन्वय समिति गठन तथा सञ्चालन कार्यविधि, २०८३" स्वीकृत गर्ने निर्णय गरियो।

कृष्णानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

CamScanner

निर्णय नं ११:- प्रस्ताव नं ११ माथि छलफल गर्दा आलिताल गाउँ कार्यपालिकाको मिति २०८३/०३/०५ गतेको निर्णयबाट सामुदायिक विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपात तथा भौगोलिक अवस्था समेतका आधारमा विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यका लागि प्रचलित कानुन बमोजिम अध्ययन गरी ६० दिन भित्र सुझाव सहित प्रतिवेदन पेश गर्नका लागि विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यदल गठन भई मिति २०८३/०३/२६ देखि कार्य प्रारम्भ गर्न कायदिश पाएकोमा कार्यदलले आफनो काम नसकेको भनी म्याद थपका निवेदन पेश गरेकाले सो कार्यदलको ३० दिन म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं १२:- प्रस्ताव नं १२ माथि छलफल गर्दा आलिताल गाउँपालिकामा राष्ट्रिय भू-उपयोग नियमावली तथा स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै आलिताल गाउपालिकाको भू-उपयोग क्षेत्र बर्गीकरण गरी कित्तागत विवरण सहितको भू-वर्गीकरण योजना (कृषि र गैरकृषि क्षेत्र) निर्माण कार्य अघि बढाउने र सो सम्बन्धी प्राविधिक प्रतिवेदन तयार गर्न परामर्श सेवा वाट खरिद गर्ने निर्णय गरियो।

निर्णय नं १३:- प्रस्ताव नं १३ माथि छलफल गर्दा आलिताल गाउँ कार्यपालिकाको कार्यालयबाट सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीहरूका लागि इन्धन, मर्मत सम्भार र सञ्चार खर्चको व्यवस्थापनलाई पारदर्शी र मितव्ययी बनाउन तयार गरिएको "सवारी साधन सुविधा प्रयोग गर्ने कर्मचारीलाई इन्धन, सवारी साधन मर्मत र संचार खर्च बापत नगद प्रदान गर्ने मापदण्ड, २०८३" स्वीकृत गर्ने निर्णय गरियो।

कृष्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

CamScanner